༄༅། །ཁུམ་བུ་པ་སངས་ལྷ་མུ་གྲོང་ཚོ་ཁག།

# खुम्बु पासाङल्हामु गाउँपालिका

## Khumbu Pasanglhamu Rural Municipality

गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल

Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

---

सूचना नं. ०७-२०८०।०८१

**आ.व. २०८१/०८२ मा न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्वन्धी सूचना ।**

(सूचना प्रकाशन मितिः २०८०/११/०२)

ने.सं. ११४४ सिल्लाध्व, ५ बुधबार

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आ.व. २०८१।८२ मा यस खुम्बु पासाङल्हामु गाउँपालिकामा रहेको रोजगार सेवा केन्द्रको समन्वयमा सामाजिक र आर्थिक अवसरबाट बन्चित समुदाय तथा व्यक्तिलाई सामाजिक संरक्षण गराउने उद्धेश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रदान गरिने न्यूनतम रोजगारीमा संलग्न भई सामुदायिक विकास निर्माणका कार्यमा योगदान दिन ईच्छुक बेरोजगार व्यक्तिहरुले २०८० साल फागुन महिना भित्र आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई रित पूर्वक निवेदन दिनहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनुपर्नेछ।निवेदनको संशोधित ढाँचा यस कार्यालयको वेबसाइट https://khumbupasanglhamumun.gov.np/ र रोजगार सेवा केन्द्र तथा सम्बन्धित वडा कार्यालय बाट प्राप्त गर्न सकिनेछ।

<u>न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्डहरु:</u>

१. १८ वर्ष देखि ५९ वर्ष उमेर समूहको ।
२. निवेदन दिँदाको मितिसम्म सोही आ.व. मा न्यूनतम १०० दिनको रोजगारीमा संलग्न नभएको ।
३. स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आ.व. मा न्यूनतम १०० दिन रोजगारीबापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको।
४. पूर्ण विवरण सहित रितपूर्वक निवेदन दिई कार्यक्रममा सहभागी हुन ईच्छुक रहेको ।

<u>न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक कागजात तथा जानकारी:</u>

१. निवेदकको पासपोर्ट साइजको फोटो १ प्रति स्पष्ट देखिने निवेदकको नेपाली नागरिकताको प्रतिलिपी १ प्रति ।
२. निवेदकको नागरिकतामा स्थायी बसोबास गरेको ठेगाना फरक देखिएमा बसाई सराई वा विवाह दर्ताको प्रतिलिपी ।
३. निवेदक एकल महिला तथा अपाङ्ग भएमा खुल्ने कागजातको प्रतिलिपी ।
४. गत आ.व. मा सूचिकृत बेरोजगारहरुले निवेदन दिन चाहेमा सोही निवेदकको नाममा पुन निवेदन दिनु पर्नेछ र एक परिवारबाट एक सदस्यले मात्र निवेदन दिन सक्नेछ अन्यथा निवेदन स्वत रद्ध हुनेछ ।

(नोट- निवेदनमा मागिएका विवरण पूर्ण, स्पष्ट र सत्य नभएका निवेदन सूचिकरण नहुने जानकारी गराईन्छ ।)

(अमृत अर्याल)
अधिकृतस्तर छैठौं

---

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046